# श्री जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

## बिदुर-३ नुवाकोट

## विनियम २०६५

**प्रस्तावना :**

यस नुवाकोट जिल्लाको विदुर नगर पालिका भित्र वसोबास गर्ने सदस्यहरुको आर्थिक तथा सामाजिक हित गर्ने उद्देश्यले सहकारी ऐन २०४८ को दफा ११ ले दिएको अधिकारभित्र रही श्री जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लि. को साधारण सदस्यहरुको २०६५ कार्तिक ९ गते बसेको साधारण भेलाले यो विनियम बनाएको छ ।

**१. संस्थाको नाम र प्रारम्भिक ठेगाना :**

क. यस विनियमको नाम श्री जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको विनियम २०६५ रहेको छ ।

ख. यो विनियम रजिष्ट्रारले स्वीकृत गरे पछि प्रारम्भ हुनेछ ।

**२. संस्थाको नाम र ठेगाना :**

क. संस्थाको नाम : **श्री जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड** रहने छ ।

ख. यस संस्थाको ठेगाना : नुवाकोट जिल्ला विदुर नगर पालिकामा रहनेछ । दर्ता गर्दा तोकिएको ठेगानामा कुनै कारणवाट परिवर्तन हुन गएमा सो को जानकारी ७ दिन भित्र सहकारी रजिष्ट्रारलाई दिईनेछ ।

**३. कार्यक्षेत्र :**

यस संस्थाको कार्यक्षेत्र विदुर नगर पालिका भित्र हुनेछ ।

**४. परिभाषा :**

क. संस्था भन्नाले श्री जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडलाई सम्झनु पर्दछ ।

ख. सदस्य भन्नाले संस्थाको विनियम बमोजिम शेयर सदस्यता प्राप्त गरेको व्यक्ति सम्झनु पर्दछ ।

ग. समिति भन्नाले संस्थाका विनियम बमोजिम गठन भएको संचालक समिति सम्झनु पर्दछ ।

घ. अध्यक्ष भन्नाले संस्थाको अध्यक्ष सम्झनु पर्दछ ।

ङ. व्यवस्थापक भन्नाले संस्थाको व्यवस्थापक सम्झनु पर्दछ ।

च. ऐन भन्नाले सहकारी ऐन २०४८ सम्झनु पर्दछ ।

छ. नियमावली भन्नाले सहकारी नियमावली २०४९ सम्झनु पर्दछ ।

ज. विनियम भन्नाले जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको विनियम २०६५ सम्झनु पर्दछ ।

झ. रजिष्ट्रार भन्नाले सहकारी विभागमा रजिष्ट्रारलाई वा निजवाट अधिकार प्राप्त अधिकारीलाई सम्झनु पर्दछ ।

ञ. साधारण सभा भन्नाले संस्थाको विनियम बमोजिम गरिने साधारण सभालाई जनाउँछ ।

ट. कर्जा भन्नाले संस्थाले अन्य निकायसँग लिने ऋण र सदस्यले संस्थावाट लिएको रकमलाई जनाउँदछ ।

ठ. संचालक समिति भन्नाले संस्थाको अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष, र सदस्यहरुलाई जनाउदछ ।

ड. कोष भन्नाले संस्थाको नाममा जम्मा हुन आएको रकमलाइ सम्फनु पर्दछ ।

ढ. शेयर भन्नाले संस्थाको शेयर पुंजीको विभाजित अंशलाइ बुफाउदछ ।

ण. शेयर प्रमाणपत्र भन्नाले शेयर सदस्य व्यक्तिलाइ सो वापत संस्थाबाट दिएको निस्सालाइ सम्फनु पर्दछ ।

त. उप समिति भन्नाले संस्थाद्वारा यस विनियम बमोजीम कुनै निश्चित कार्य वा अवधि तोकि गठन गरिएको उप समिति समेतलाइ सम्फनु पर्दछ ।

५. संस्था संगठित संस्था हुने :

(अ)

क. संस्था अविछिन्न उत्तराधिकारवाला एवं स्वसासित संस्था हुनेछ ।

ख. यसको सबै कामकाज प्रमाणित गर्नको लागि अनुसूचि ९ मा उल्लेखित गरिए अनुसार आफ्नो एउटा चिन्ह अंकित छाप रहनेछ ।

ग. यो छाप संचालक समितिबाट अधिकार प्राप्त व्यक्तिको जिम्मामा रहने छ ।

घ. संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ती प्राप्त गर्न, उपभोग गर्न कुनै पनि प्रकारको बन्दोवस्त गर्न सक्नेछ ।

ङ. संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोहि नामबाट नालिस उजुर लाग्नेछ ।

(आ) !!

६. उद्देश्य :

संस्थाको निम्न उद्देश्यहरु हुने छन् ।

क. सदस्यहरुको खाँचो पूर्ति गर्नको लागि एक जुट भइ काम गर्न प्रोत्साहित गर्ने ।

ख. सदस्यहरुमा स्वावलम्बनको ज्ञान, पारस्परिक सहयोग र मितव्ययी भावना सृजना गर्ने ।

ग. सदस्यहरुको आर्थिक तथा सामाजिक र सांस्कृतिक जीवन स्तर उठाउने ।

ङ. सदस्यहरुको हित हुने अन्य कार्यहरु गर्ने ।

च. छरिएका पुंजीलाइ एकिकृत गरि उत्पादनशिल कार्यमा परिचालन गर्ने र दैनिक उपभोग्य वस्तुहरुको सहकारी पसल संचालन गर्ने ।

छ. बचत गर्ने बानीको विकास गर्ने ।

ज. संस्थाको उद्देश्य पुरा गर्नको लागि समान उद्देश्य भएका स्थानीय, क्षेत्रीय, राष्ट्रिय र अन्तराष्ट्रिय संस्थाहरु संग आवद्धता एवं समन्वय तथा सहयोग विस्तार गर्ने ।

झ. कृषि जन्य सामाग्रीहरुको उत्पादन र बिक्री गर्ने, कृषिलाई आधुनिकिकरण गर्ने, आयस्तर वृद्धि गर्नको लागी बैज्ञानिक प्रवृद्धीको प्रयोग सिप मुलक तालिम लिने दिने कार्य गर्ने ।

ञ. कृषिमा आधारित घरेलु उद्योग संचालन गर्ने ।

ट. जडिबुटी उत्पादन, दुग्ध उत्पादन र संकलन, पशुपालन, कुखुरा पालन, माछापालन गर्ने ।

ठ. शिक्षा, स्वास्थ्य जस्ता आधारभूत मौलिक अधिकारको विकासमा टेवा पुऱ्याउने ।

ड. वातावरण प्रदुषण न्यूनिकरणमा आवश्यक कार्यहरु गर्ने ।

~~ढ. संस्थाले आवश्यक ठानेका अन्य कार्यहरु गर्ने ।~~

प्रचलित नेपाल कानून अनुसार विनियमका उद्देश्य पूर्ति गर्न ~~कुनै कार्य गर्दा~~ कुनै निकायको पूर्व स्वीकृति लिनुपर्ने भए स्वीकृति लिएर मात्र गरिनेछ।

७. कार्य :

संस्थाको विनियम ६ दफा बमोजिम उद्देश्यहरु प्राप्त गर्न निम्न कार्यहरु गर्नेछ ।

सहकारी अधिकृत

२०६५।८।१४

१. कृषि उत्पादन :

क. उन्नत खेति गर्न आवश्यक आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने ।
ख. उन्नत विउ, रसायनिक मल, सुधारिएको औजार, किटनासक औषधि आदि विक्री वितरण गर्ने ।
ग. खेती विकास योजना तयार गर्न सहयोग गर्ने ।

२. वेचविखन :

क. कृषि उपज उचित मुल्यमा खरिद गर्ने र विक्री गर्ने ।
ख. कृषि उपज धितो लिने र ऋण दिने ।
ग. कृषि उपज भण्डारण गर्न गोदामको सुविधा उपलब्ध गराउने ।
घ. कृषि तथा व्यवसाय पशुपंक्षी व्यवसायसंग सम्वन्धित कार्य गर्ने ।

३. प्रशोधन :

क. कृषि उपज प्रशोधन गर्ने ।
ख. ती वस्तु उपयोगमा ल्याउने ।
ग. प्रशोधित वस्तु उचित मूल्यमा विक्री वितरण गर्ने ।
घ. दुध र फूलको उत्पादन, संकलन, प्रशोधन र विक्री वितरण गर्ने ।

४. उपभोक्ता सामाग्री

क. सदस्यको आवश्यकता अनुसार घरायसी सामाग्री खरिद विक्री गर्ने ।

५. वचत तथा ऋण कार्यक्रम :

क. सदस्यहरुसंग वचत संकलन गर्ने ।
ख. संकलित वचत उत्पादनशिल कार्यमा लगाउने ।
ग. वचत तथा ऋण नीति तयार गरि लागु गर्ने ।
घ. विभिन्न किसिमका थोक कर्जाहरु लिई सदस्यलाई लगानी गर्ने ।
ङ. संस्थाको पुजी वा अन्य निकायसंग कर्जा लिई सहकारी व्यवसायमा लगानी गर्ने ।
च. वचत तथा ऋण सम्वन्धि कारोवार गर्ने ।

६. जडिवुटी उत्पादन कार्यक्रम :

क. यस क्षेत्र भित्र रहेको जडिवुटीको पहीचान, संकलन र उन्नत तरिकाले खेती गर्ने ।
ख. जडिवुटी सम्वन्धि तालिमको व्यवस्था गर्ने ।
ग. जडिवुटी प्रशोधनको लागि आवश्यक पहल गर्ने ।
घ. संकलित जडिवुटीलाई व्यवसायिक रुपमा विक्रि वितरण गर्ने ।

७. अन्य कार्यहरु :

क. सहकारिता वारे सदस्यहरुलाई चेतना गराउने ।
ख. सहकारी शिक्षा कार्यक्रम सञ्चालनका लागि व्यवस्था मिलाउने ।
ग. सदस्य केन्द्रित जनसंख्या तथा परिवार कल्याण शिक्षा कार्यक्रम सञ्चालनको व्यवस्था मिलाउने ।
घ. सदस्य केन्द्रित सहकारी व्यवसायहरु संचालन गर्ने ।
ङ. संस्थाको कार्यक्षेत्र भित्र सामाजिक हित हुने कार्य गर्ने ।
च शिक्षा, स्वास्थ्य र वातावरण सम्वन्धि कार्यहरु ~~[illegible] सामाजिक हित संस्था र स्थानिय निकाय[illegible] [illegible]~~ संचालन गर्ने ।

सदस्यता :

देहायका व्यक्तिहरु संस्थाका सदस्य हुनेछन् ।

क. संस्था दर्ताका लागि रजिष्ट्रार समक्ष निवेदन दिने व्यक्तिहरु ।

ख. संस्था दर्ता भईसकेपछि सदस्यता प्राप्त गर्ने व्यक्तिहरु ।

सदस्यको लागी योग्यता :

१. संस्थाको सदस्य हुन निम्न योग्यता पुगेको हुनु पर्दछ ।

क. नेपाली नागरिक

ख. १६ वर्ष उमेर पुगेको

ग. चालचलन राम्रो भएको

घ. मगज नबिग्रीएको ।

ङ. दामासाहिमा नपरेको ।

च. संस्थाको कार्यक्षेत्र भित्र बसोवास ~~गर्ने~~ हुनुका साथै

छ. ऋण लिने उद्देश्यले मात्र सदस्य बन्न आउनेलाई सदस्य बनाईने छैन ।

२. संस्थाको सदस्यता लिनको लागी सञ्चालक समितिबाट निर्धारित गरेको खरिद गर्ने शेयरको रकम र प्रवेश शुल्क संलग्न गरि सञ्चालक समिति समक्ष विनियमको अनुसूची १ बमोजिमको निवेदन दिनु पर्दछ । यस्तो निवेदन पर्न आएपछि सञ्चालक समितिले संस्थाको सदस्यता दिने वा नदिने निर्णय गर्ने छ । सो समितिले सदस्यता नदिने निर्णय गरेमा साधारण सभामा पुनरावेदन दिन सक्नेछ र यस सम्बन्धमा साधारण सभाको निर्णय अन्तिम हुनेछ ।

३. राजिनामा दिई संस्थाको सदस्यता समाप्त भएको सदस्यले पुनः सदस्यता प्राप्त गर्न चाहेमा संस्थाको सदस्यता समाप्त भएको मितिले एक वर्ष पछि मात्र सदस्यताको लागि निवेदन दिन सक्नेछ ।

प्रवेश शुल्क :

संस्थाको सदस्यता लिनको लागि प्रवेश शुल्क रु.१०० बुझाउनु पर्ने र यो रकम कुनै अवस्थामा पनि फिर्ता हुने छैन ।

सहकारी अधिकृत

सदस्यताको अन्त्य :

देहायको अवस्थामा संस्थाको सदस्यता अन्त्य हुनेछ ।

१. तोकिएको अवधि भित्र शेयरको पुरा रकम चुक्ता नगरेमा,

२. मृत्यु भएमा,

३. मगज विग्रीएको प्रमाणित भएमा,

४. राजिनामा स्वीकृत भएमा,

५. सम्पूर्ण शेयर हस्तान्तरण गरेमा वा फिर्ता लिएमा,

६. फौजदारी अभियोगमा सजाय पाएमा,

७. सदस्यतावाट निष्काशित भएमा,

८. संस्था विघटन भएमा वा खारेजीमा परेमा,

९. संस्थाले गरेको जस्तै व्यवसाय निजी तवरमा संचालन गरेमा ।

१०. सदस्यताबाट राजिनामा :

१. विनिमय ९(४) बमोजिम सदस्यले सदस्यता छाड्नका लागी लिखित राजिनामा चालु आर्थिक वर्षको ३ महिना अगावै सञ्चालक समितिलाई प्राप्त हुने गरि पेश गर्नु पर्नेछ । यस्तो राजिनामा चालु आर्थिक वर्षको अन्तिम दिनको भोलीपल्ट देखि लागू हुने गरि स्वीकृत गरिनेछ तर सदस्यता छाड्न चाहने सदस्यले संस्थाबाट लिएको ऋण चुक्ता गर्न बाँकि रहेको खण्डमा सदस्य र त्यस्तो सदस्यको जमानत बस्ने कुनै पनि सदस्यले राजिनामा दिन पाउने छैन ।

२. संस्थाको कुल शेयर पूजीको १५ प्रतिशत भन्दा वढी मुल्यको शेयर खरिद गर्ने सदस्यले सदस्यता छाड्न चाहेमा राजिनामा दिने मितिले कम्तिमा १२ महिना अगावै लिखित सूचना दिनु पर्नेछ ।

३. सदस्यता दर्ता किताव : अनुसुची ३ बमोजिमका कुराहरु उल्लेख हुने गरी समितिले सदस्यको दर्ता किताव खडा गर्नेछ ।

११. सदस्यको निष्कासन :

१. संचालक समितिले विस्तृत छानविन पछि कुनै सदस्यले निम्न काम कार्यवाहि गरेको पाईएमा त्यस्तो सदस्यलाई संचालक समितिको कुल सदस्य संख्याको दुई तिहाई बहुमतले निष्कासन गर्न सक्नेछ ।

क. संस्थाको उद्देश्य विपरित हुने गरि जानजानी कुनै कार्य गरेमा ।

ख. विनियमको बारम्वार उल्लङ्घन गरेमा। चाहिने योग्यता नपुगेको प्रमाणित भएमा ।

२.क. सदस्यलाई निष्कासन गर्नु अघि संचालक समितिले सम्वन्धित सदस्यलाई लागेको आरोप स्पष्टिकरण दिने र आरोपको खण्डन गर्ने आवश्यक कागजात आदि प्रस्तुत गर्न कम्तिमा ३५ दिनको म्याद दिनेछ तर छानविनको क्रममा समितिको कुल सदस्य संख्याको दुई तिहाई बहुमतको निर्णयले सम्वन्धित सदस्यलाई निलम्वन गरि संस्थावाट कुनै खास सेवा वा सुविधा उपलब्ध गर्न नपाउने गरि बढीमा एक बर्षसम्म बन्देज लगाउन सक्नेछ ।

ख. उपदफा (१) र (२) अनुसारको निर्णय उपर चित्त नबुझेका सदस्यले साधारण सभामा पुनरावेदन गर्न सक्नेछ र यस सम्बन्धमा साधारण सभाको बहुमतले गरेको निर्णय अन्तिम हुनेछ ।

१२. कोषको व्यवस्था :

संस्थाको कोष निम्न श्रोतहरुवाट खडा गरिनेछ ।

१. शेयर,
२. प्रवेश शुल्क,
३. सदस्यहरुवाट संकलित वचत,
४. वित्तिय निकायहरुवाट प्राप्त हुने ऋण,
५. सदस्य र अन्य श्रोतबाट प्राप्त हुने ऋण,
६. कारोबारबाट प्राप्त हुने बचत,
७. अन्य निकायहरुवाट प्राप्त हुने सहयोग ।

सहकारी अधिकृत

१३. शेयर पुँजी :

क. संस्थाको १ कित्ता शेयरको मुल्य रु. १०० हुनेछ।

ख कुनै पनि सदस्यले चुक्ता शेयर पुंजीको २० प्रतिशत भन्दा बढी शेयर खरिद गर्न पाउने छैन ।

ग शेयर किस्तावन्दी खरिद्र गर्न सकिनेछ । यस्तो शेयर एक वर्ष भित्र किस्तामा चुक्ता गर्न सक्नेछ । यसरी तोकिएको अवधिमा चुक्ता नगरेमा खरिद भएको शेयर रकम जफत गरी सो रकम जगेडा कोषमा जम्मा गरिनेछ र सदस्यलाई शेयर प्रमाण पत्र जारी गरि शेयर सदस्य बनाएर मात्र कारोवार गर्न दिइने छ ।

घ कुल सदस्य संख्या २५ मा नघटाई विनियम १३(क)को प्रतिकुल नहुने गरि सदस्यहरुले आपसमा आ-आफ्नो शेयर ~~खरिद बिक्री~~ हस्तान्तरण गर्न सक्नेछ ।

१४. शेयर प्रमाण पत्र :

तोकिएको शेयरको सम्पूर्ण किस्ता चुक्ता भएपछि संस्थाको छाप लागेको शेयर प्रमाणपत्र अनुसुची ५ बमोजिमको ढाँचामा दिईनेछ । यस्तो प्रमाणपत्र कुनै कारणबाट हराएमा, च्यातिएमा, नासिएमा रु. ५०। लिई अर्को प्रमाण पत्र दिईने छ ।

१५. शेयर फिर्ता :

क. कुनै सदस्यले आफ्नो पुरै शेयर फिर्ता गर्न चाहेमा सदस्यबाट राजिनामा दिनुपर्ने छ ।

ख. कुनै सदस्यको राजिनामा स्वीकृत भएमा वा यसै विनियममा व्यवस्था भए अनुसार निष्काशित भएमा निजले लगानी गरेको शेयर लेखा परिक्षण पछी मात्र क्षति वा मुनाफा बापत पाउनु पर्ने रकम समेत हर हिसाब गरि फिर्ता दिईने छ ।

ग. संस्थामा कुनै निकायले लगानी गरेको शेयर रकम संस्था सक्षम हुदै गए पछि क्रमिक रुपमा फिर्ता गर्दै जानेछ ।

१६) दायित्व :

क) आफुले लिएको शेयर रकमसम्म मात्र सदस्यहरुको सिमित दायित्व हुनेछ ।

ख) संस्थाको विनियमको पालना गर्नु सम्पूर्ण सदस्यहरुको दायित्व हुनेछ ।

सहकारी अधिकृत

१७) हकवाला मनोनित :

क) कुनै पनि सदस्यले आफ्नो शेष पछिको हकवाला मनोनित गर्दा कम्तीमा दुई जना साक्षीका रोहबरमा लिखित रुपमा हकवाला मनोनित गरेको हुनुपर्ने छ ।

ख) उपनियम (क) बमोजिम हकवाला मनोनिग गर्ने सदस्यले एक भन्दा बढी शेयर खरिद नगरेको भए एउटा व्यक्तिलाई मात्र हकवाला मनोनित गर्न सक्नेछ ।

ग) कुनै सदस्यले उप नियम (ख) एवं अधिनमा रहि एक भन्दा बढी व्यक्तिलाई हकवाला मनोनित गरेको हकमा प्रत्येक व्यक्तिलाई हस्तान्तरण हुने शेयरको संख्या र मूल्य वा हकको दामासाही खुलेको लिखित हुनु पर्नेछ ।

१८) हकदावी वा नामसारी :

क) कुनै सदस्यको मृत्यु भएमा निजको नाममा रहेको शेयर संस्थाबाट निजलाई प्राप्त हुने हक नियम १६ अनुसार हकवालालाई नामसारी गरिदिनु पर्नेछ । हकवाला मनोनित नगरेको भए प्रचलित कानुन बमोजिम हकवालाको नाममा नामसारी गरिदिनु पर्नेछ ।

ङ) उपदफा (छ) बमोजिम मृत सदस्यको हकवालाले सदस्यता गराउन नचाहेमा निजले पाउने रकम निजलाई फिर्ता दिनु पर्नेछ ।

च) उपदफा (छ) र (ङ) मा जे सुकै लेखिएता पनि हकवाला नावालक भएको खण्डमा संरक्षकलाई २ जना साक्षीको रोहवरमा फिर्ता दिनुपर्ने छ ।

## प्रारम्भिक साधारण सभा :

१) संस्थाको प्रारम्भिक साधारण सभा संस्था दर्ता भएको ३ महिना भित्र १५ दिनको सूचना दिई बोलाईने छ ।यस्तो संस्थाको लागि गणपुरक संख्या ५१ प्रतिशत भन्दा बढी हुनु पर्नेछ ।

२) उप दफा (१) बमोजिम संस्थाको प्रारम्भिक साधारण सभा बोलाईएको छैन भनि कुनै सदस्यले रजिष्ट्रार समक्ष दरखास्त नपरे पनि म्याद गुज्रेको मितिले ३५ दिन भित्र रजिष्ट्रारले तोकेको व्यक्तिले प्रारम्भिक साधारण सभा बोलाउन सक्ने छ ।

३) प्रारम्भिक साधारण सभाको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले र निजको पनि उनुपस्थितिमा सदस्यहरुबाट छानिएका सदस्यले गर्नेछ ।

४) प्रारम्भिक साधारण सभाले देहायका कार्यहरु गर्नेछ ।

क. अघिल्लो दिनसम्म संस्थाले गरेको काम, कारवाहि र हरहिसावको जानकारी दिई अनुमोदन गर्ने, सम्पन्न गर्नुआघि आफ्ना सदस्यहरूलाई सहकारी शिक्षासम्बन्धि प्रशिक्षण प्रदान गर्ने

ख. संचालक र लेखा समितिको निर्वाचन गर्ने,

ग. संस्थाको कार्य संचालनको लागि कर्मचारि प्रशासन नियम तथा आर्थिक प्रशासन नियमहरुको तर्जुमा गरि अनुमोदन गर्ने र दर्ताको लागि रजिष्ट्रार छेउ पेश गर्ने,

घ. आगामी कार्यक्रम तथा नीतिहरु तय गर्ने ।

ङ. सभा सम्पन्न भएको मितिले ६ महिनाभित्र सहकारी रेखदेख तथा विकास संघमा सदस्यता का लागि आवेदन गर्ने।

## २०) साधारण सभा :

सदस्यको शेयर खरिद गर्ने सम्पूर्ण सदस्यहरुभएको एक साधारणसभा हुनेछ ।

१) आर्थिक वर्ष समाप्त भएको ६ महिना भित्र साधारण सभा बोलाईनेछ । सोहि साधारण सभाले समिति र लेखा समितिको तोकिएको प्रक्रिया अनुसार निर्वाचन गर्नेछ ।

२) उपदफा १ अनुसार बार्षिक साधारण सभा बोलाईएको छैन भने कम्तिमा १५ जना सदस्यले रजिष्ट्रार समक्ष निवेदन दिएमा रजिष्ट्रारले तोकेको व्यक्तिले सधारण सभा बोलाउन सक्नेछ ।

३) उपदफा (१) र (२) बमोजिम बार्षिक साधारण सभा बोलाउदा सभा हुने स्थान, समय र मिति तोकेको ३० दिनको म्याद दिई सुचना दिनु पर्नेछ ।

४) बार्षिक साधारण सभाको गणपुरक संख्या सम्पूर्ण सदस्य संख्याको एक चौथाई १३ जनामा जुन बढी हुन्छ सो उपस्थितलाई मानिनेछ ।

५) पहिलो पटक बार्षिक साधारण सभा बोलाउदा गणपुरक संख्या नपुगी बैठक स्थगित भएमा दोस्रो पटकको लागि ७ दिनको म्याद दिई बैठक बोलाउनु पर्ने छ । यो बैठकमा सम्पूर्ण सदस्यको १५ प्रतिशत वा ११ जनामा जुन बढी हुन्छ सोहि उपस्थिती भए गणपुरक संख्या मानिने छ तर माथिका उपदफाहरुमा जे सुकै लेखिएको भएता पनि गणपुरक संख्याको हकमा संचालकहरुको संख्या भन्दा कम भएमा सो संख्यालाई गणपुरक मानिने छैन ।

६) बार्षिक साधारण सभाको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले र निजको पनि अनुपस्थितिमा उपस्थित सदस्यहरुबाट छानिएका सदस्यले गर्नेछ ।

३ बार्षिक साधारण सभामा पेश भएका प्रस्तावहरु सभामा उपस्थित सदस्यहरुले एक व्यक्ति एक मतको आधारमा दिएको बहुमतबाट पारित हुनेछ । मत बराबर हुन आएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत मात्र दिन सक्नेछ ।

ग. विशेष साधारण सभा :

१. विशेष साधारण सभा देहायको अवस्थामा १५ दिनको सूचना दिई बोलाउन सकिनेछ ।

क. संस्थाको हिसाब जाँचको सिलसिलामा लेखापरिक्षकले प्रयाप्त कारणहरु देखाई संचालक समितिमा सुझाव पेश गरेमा वा,

ख. लेखा समिति वा विशेष उद्देश्यले गठन गरिएका उप समितिले यथेष्ट कारण खोली समितिलाई सुझाव पेश गरेमा वा,

ग. कुनै संचालकले उचित कारण खोली विशेष साधारण सभा बोलाउने माग गरेको प्रस्ताव संचालक समितिद्धारा पारित भएमा वा,

घ. संस्थाको कुल सदस्य संख्याको १० प्रतिशत वा १० जना जुन बढी हुनेछ सो संख्याले प्रयाप्त कारण देखाई संचालक समिति छेउ निवेदन दिएमा ।

२. विशेष साधारण सभाका लागि गणपुरक संख्या कुल सदस्यका १५ प्रतिशत वा ११ जनामा जुन बढी हुन्छ यसरी संचालन हुने सभाले विनियम अन्तर्गत हुने साधारण सभाले गर्ने कार्य गर्न सक्नेछ । यस उप नियममा जे सुकै लेखिएको भए तापनि गणपुरक संख्याको हकमा संचालक सदस्यको संख्या भन्दा कम हुनु हुँदैन ।

३. विशेष साधारण सभाको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले र निजको पनि अनुपस्थितिमा उपस्थित सदस्यहरुबाट छानिएका सदस्यले गर्नेछ । तर निजलाई यस्तो सभाको निर्णायक मत मात्र दिने अधिकार हुनेछ ।

२२. साधारण सभाको काम, कर्तव्य र अधिकार :

१. बार्षिक साधारण सभाको कार्यहरु देहायका बमोजिम हुनेछन् ।

क. संचालकहरुको निर्वाचन र निष्काशित गर्ने ।

ख. लेखा समितिको संयोजक लगाएत सदस्यहरुको निर्वाचन गर्ने र सो समितिको प्रतिवेदन उपर छलफल गरि निर्देशन दिने ।

ग. संचालक समितिले पेश गरेको बार्षिक कार्यक्रम उपर छलफल गरि स्वीकृत गर्ने र प्रगति प्रतिवेदन, बार्षिक लेखा परिक्षण प्रतिवेदन स्थिति विवरण प्रतिवेदन र आर्थिक विवरणहरुमा समायोजन गर्ने र अनुमोदन गर्ने ।

घ. ऐन तथा नियमहरुको अधिनमा रहि विनियमलाई संसोधन गर्ने संस्थालाई आवश्यक आर्थिक तथा प्रशासनिक नियमावली बनाई लागू गर्ने ।

ङ. बार्षिक हिसाब जाँच गराउन लेखापरिक्षक नियुक्त गरी स्वीकृतिको लागी रजिष्ट्रार समक्ष पेश गर्ने ।

च. साधारण सभाको अध्यक्षले पेश गर्ने अन्य कुनै प्रस्ताव उपर बिचार गर्ने ।

छ. रजिष्ट्रार वा निजबाट अधिकार प्राप्त अधिकारीले संस्थामा गरेको परिक्षण र सोधपुछ प्रतिवेदन उपर छलफल गर्ने ।

ज. अध्यक्षले राजीनामा पेश गरेमा स्वीकृत गर्ने ।

झ. जिल्ला सहकारी संघमा सदस्यता प्राप्त गर्ने वा नगर्ने निर्णय गर्ने ।

७. जिल्ला सहकारी संघमा पठाइने प्रतिनिधिको निर्वाचन गर्ने ।
८. संचालक समितिलाई मार्ग दर्शन गर्ने ।
९. लेखापरिक्षकको पारिश्रमिक तोक्ने ।
१०. साधारण सभाका निर्णयहरुको अभिलेख अध्यक्षद्वारा प्रमाणित गराई सुरक्षित राख्नु पर्दछ ।
११. संस्था विघटन, एकिकरण वा बिभाजन गर्नु पर्ने भएमा सहकारी नियमावली २०४९ बमोजिम गरिनेछ ।

## २२. संचालक समितिको गठन :

(१) साधारण सभाले १ जना अध्यक्ष, १ जना उपाध्यक्ष, १ जना सचिव, सह सचिव, १ जना कोषाध्यक्ष र ६ जना सदस्य भएको ११ सदस्यीय संचालक समिति गठन गर्नेछ ।
(२) संचालक समितिको पदावधि २ (दुई) वर्षको हुनेछ र संचालकहरु पुनः निर्वाचित हुन सक्नेछन् ।
(३) कुनै कारणले संचालकको पद रिक्त हुन आएमा बाँकि अवधिको लागि उप निर्वाचनद्वारा पूर्ति गरिनेछ ।
(४) नयाँ संचालक समिति गठन नहुन्जेल सम्म पुरानै संचालक समितिले कार्य गर्नेछ ।
(५) समिति र अन्य समितिहरुमा निर्वाचित सदस्यहरुले अनुसूचि ५ मा उल्लेख भए बमोजिमको सपथ ग्रहण साधारण सभा समक्ष गर्नुपर्नेछ ।

## २३. संचालक पदमा ~~मनोनित~~ निर्वाचित हुन नसक्ने अवस्था :

देहायका अवस्थामा कुनै पनि सदस्य संचालक पदमा निर्वाचित हुन सक्ने छैन :
(१) २१ वर्ष उमेर नपुगेको,
(२) मगज ठीक नभएको, संस्थामा तिर्नु बुझाउनुपर्ने नगदी जिन्सी बाँकी भएको ।
(३) नैतिक पतन हुने फौजदारि अभियोग अदालतवाट दोषी प्रमाणित भएको,
(४) तिर्न बाँकि बक्यौता नबुझाएको,
(५) संस्थाको बाँकि बक्यौता राख्ने,
(६) संस्थाको ठेक्का पट्टा वा कारोवार मा कुनै प्रकारको नीजि स्वार्थ भएको,
(७) सोहि प्रकृतिको संस्थामा सोहि अवधिमा संचालक भै कार्य गरेको ।
(८) संस्थाको अन्य समितिमा पदाधिकारी भै कार्य गरेको ।

## २४. सञ्चालकको पदमा बहाल रहन नसक्ने अवस्था :

देहायका अवस्थामा कुनै व्यक्ति संचालकको पदमा रहन सक्ने छैन ।
(१) विनियम २३ मा लेखिए बमोजिम संचालकको पदमा निर्वाचित वा नियुक्ति हुन नसक्ने अवस्था भएमा ।
(२) उचित कारण खोली संचालक समितिलाई लिखित रुपमा जनाउ नदिई लगातार ३ पटक सम्म समितिको बैठकमा अनुपस्थित भएमा ।
(३) साधारण सभाको बहुमतले मनासिब कारण देखाई हटाउने निर्णय गरेमा ।
(४) पदवाट दिएको राजीनामा स्वीकृत भएमा ।
(५) जानाजानी संस्थाको हित तथा ख्यातिमा प्रतिकुल प्रभाव पर्ने कुनै काम गरेको प्रमाणित हुन आएमा ।

६. जानाजानी संस्थालाई हानि पुग्ने गरी आफ्नो व्यक्तिगत फाइदा हुने कार्य गरेको प्रमाणित भएमा।
७. सोहि प्रकृतिको संस्थामा सोहि अवधिमा सञ्चालक भई कार्य गरेको भएमा।
८. मृत्यु भएमा।
९. सदस्यता समाप्त भएमा।
१०. संस्थाको [redacted] मै कार्य गरेमा।

२२. संचालक समितिको काम, कर्तव्य र अधिकार :

देहाय बमोजिम संचालक समितिको काम, कर्तव्य र अधिकार हुनेछन् :

१. ऐन, नियमहरु र विनियममा लेखिएका कुराहरु र साधारण सभाद्वारा समय समयमा गरिएका निर्णयहरुका अधिनमा रही संस्थाको सम्पूर्ण काम, कारोबार, प्रबन्ध, अधिकारको प्रयोग र कर्तव्यको पालना गर्ने
२. संस्थाको दैनिक कार्य संचालन गर्ने व्यवस्थापकको नियुक्ति गर्ने।
३. संस्थाको दैनिक कार्य संचालन गर्ने, कर्मचारीहरु नियुक्त गर्ने, अवकास दिने, पुरस्कार दिने, पदोन्नती गर्ने, निलम्बन, बर्खास्त तथा सेवा सुविधा र सजाय सम्बन्धि कर्मचारी प्रशासन नियम र आर्थिक कारोबार संचालनको लागि आर्थिक प्रशासन नियम बनाई साधारण सभामा स्वीकृ नियम बनाउने।
४. विनियममा भएको व्यवस्था बमोजिम अध्यक्ष बाहेक कुनै संचालक वा साधारण सभाको सदस्यले राजिनामा दिएमा सो स्वीकृत गर्ने।
५. संस्थाको बार्षिक कार्यक्रम तथा बजेट तयार गरि स्वीकृतिको लागि साधारण सभाद्वारा अनुमोदन गराउने।
६. स्वीकृत कार्यक्रम तथा बजेट कार्यान्वयन गर्ने।
७. वार्षिक लेखापरिक्षण गराई सो को प्रतिवेदन साधारण सभामा पेश गर्ने।
८. उप दफा (३) को स्वीकृति कर्मचारि प्रशासन नियमको अधिनमा रहि कर्मचारिहरुको नियुक्ति, सरुवा बढुवा, खोसुवा, नियन्त्रण गर्ने तथा सो को व्यवस्था मिलाउने।
९. संस्थाको कोषको सुरक्षा तथा आर्थिक कारोवार माथि नियन्त्रण गर्ने तथा सो को व्यवस्था मिलाउने।
१०. विनियममा व्यवस्था भए अनुसारको प्रकृया अपनाई साधारण सभा बोलाउने।
११. साधारण सभाबाट भएका निर्णयहरुको कार्यान्वयन गर्ने।
१२. संस्थाको चल, अचल, सम्पत्ती खरिद, बिक्री गर्ने वा प्राप्त गर्ने र हस्तान्तरण गर्ने।
१३. संस्थाको कार्यहरु सुचारु रुपले संचालन गर्न आवश्यकता अनुसार उप समितिहरु तथा सल्लाहकार समिति गठन गर्ने।
१४. संस्थाको दैनिक कार्य संचालन गर्ने र अन्य विशेष काम गर्न नियुक्ति व्यवस्थापक तथा उप दफा(१३) बमोजिम गठन हुने उप समिति वा समितिको कुनै पदाधिकारीलाई अधिकारलाई अधिकार प्रत्यायोजन गर्ने।
१५. यस विनियममा उल्लेख भएका उद्देश्य प्राप्तिका लागि आवश्यक सबै कार्य गर्ने।
१६. आफ्नो पदावधि समाप्त हुनु अगावै नयाँ संचालक समितिको निर्वाचन गर्ने।

२३. संचालक समितिको बैठक :

संचालक समितिको बैठकको प्रकृया देहाय बमोजिमको हुनेछ।
(क) संचालक समितिको बैठक दुई महिनामा एक पटक अनिवार्य रुपले बस्नेछ।

ङ) संचालक समिमितको बैठकमा संचालकहरुको जम्मा संख्याको कम्तिमा ५१ प्रतिशत संचालकहरु उपस्थित भएमा बैठक संचालनको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

च) संचालक समितिको बैठक बहुमतको निर्णय मान्य हुनेछ र मत वरावर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत मात्र दिनु पर्नेछ।

छ) संचालक समितिको बैठकमा उपस्थित संचालकहरु बीच छलफल भएको विषयमा र तत्सम्बन्धमा भएको निर्णयको विवरण छुट्टै किताब (माईन्युट बुक) मा लेखी अध्यक्षद्वारा प्रमाणित गराई सुरक्षा पूर्वक राखिनेछ।

ज) संचालक समितिको बैठकको अध्यक्षता अध्यक्षले, अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र निजको पनि अनुपस्थितिमा संचालकहरु मध्येवाट छानिएका संचालकले गर्ने छ।

## २८. अध्यक्षको काम, कर्तव्य र अधिकार :

क) अध्यक्षले समितिको बैठक तथा साधारण सभाको बैठकमा अध्यक्षता गर्ने।

ख) साधारण सभाद्वारा स्विकृत बार्षिक कार्यक्रम तथा निर्णय र संचालक समितिका निर्णयहरुको कार्यान्वयन गर्ने गराउने।

ग) विनिमयको अधिनमा रही कर्मचारी उपर रेखदेख र सुपरिवेक्षण गर्ने।

घ) संस्थाको उपस्थिति प्राप्तिको लागि गर्नु पर्ने कार्यहरु गर्ने सम्बन्धमा विनिमयको अधिनमा रही जरुरी विषयहरुमा समितिको तर्फवाट तत्काल निर्णय दिन सक्ने। तर यसरी दिएको निर्णय समितिको त्यसपछि लगत्तै हुने बैठकवाट अनुमोदन गराउनु पर्दछ।

## २९. उपाध्यक्षको काम,, कर्तव्य र अधिकार

क) उपाध्यक्षले समितिको बैठक तथा साधारण सभाको बैठकमा अध्यक्षलाई सहयोग गर्ने।

ख) अध्यक्षको अुनपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण कार्य गर्ने।

## ३०. सचिवको काम, कर्तव्य र अधिकार :

सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) सचिवको निर्णय बमोजिम समितिको बैठक र साधारण सभाको अध्यक्षको निर्णय लिई बोलाउने।

ख) संस्थाको विनियम तथा नियमावली बमोजिम संस्थाको कार्य सम्पादन वारेमा आवश्यक लेखा राख्ने।

ग) संस्थाको कर्मचारीहरुको रेखदेख र नियन्त्रण गर्ने।

घ) संस्थाको सदस्यता वितरण गर्ने र नविकरण गर्ने।

ङ) संस्थाको सदस्यहरुको तथ्याङ्क नियमित संकलन र व्यवस्थित गर्ने।

च) गोष्टि, सेमिनार, प्रवचन विविध कार्यक्रम संचालन गर्ने तथा पत्राचार र सामेल हुने मिति, समय, र स्थान तोक्ने।

छ) साधारण सभामा पेश हुने कार्यक्रम नीति आदि तर्जुमा गर्ने।

## ३१. सह सचिवको काम, कर्तव्य र अधिकार :

क) सचिवले गर्ने काममा सहयोगु गर्दै सचिवको अनुपस्थितिमा सचिवको भूमिका निर्वाह गर्ने।

## कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :

कोषाध्यक्षको काम, कर्तव्य र अधिकार निम्न बमोजिम हुनेछ ।

क) संस्थाका कार्यमा कोषाध्यक्षले संचालक समितिले निर्धारण गरे बमोजिम संस्थाको हिसाब श्रेस्ता राख्ने ।

ख) अर्थ र प्रशासन सम्बन्धि सबै कुरा जिम्मा लिने ।

ग) आर्थिक विवरण कार्यकारिणी समितिमा पेश गर्ने ।

घ) संचालक समितिका तर्फबाट साधारण सभामा लेखा परिक्षणको प्रतिवेदन र आगामी बर्षको बजेट प्रस्तुत गर्ने ।

## उप-समितिको गठन र कार्यविधि :

उप समितिको गठन र कार्यविधि देहाय बमोजिम हुने एक संयोजक सहित ३ जनाको समेत हुनेछ ।

क) संस्थाको कार्य सम्पादन सरल र प्रभावकारी तुल्याउन संचालक समितिले संयोजक लगाएत सदस्यहरु ~~[illegible]~~ निर्वाचित गर्दा ~~[illegible]~~ विशेष व्यवहारिक ज्ञान भएका साधारण सदस्यहरु ~~[illegible]~~ रहनेछन् ।

ख) संचालक समितिले उप समितिहरु गठन गर्दा उपसमितिले गर्नु पर्ने काम सो कामका लागि चाहिने समय, रकम र सुविधा स्पष्ट किटान गर्नुपर्नेछ ।

**लेखा समितिमा एक जना संयोजक लगायत ३ जना सदस्यहरु रहने छन् । यसको पदावधि संचालकहरुको पदावधि सरह हुनेछ ।**

## लेखा समितिको काम, कर्तव्य र अधिकार :

लेखा समितिको काम, कर्तव्य रअधिकार :

क) संस्थाको लेखा सम्बन्धि हिसाब किताबको जाँच संस्थाको आन्तरिक लेखापरिक्षण, कर्मचारी वा सदस्यबाट गराउने ।

ख) आन्तरिक लेखा परिक्षणबाट औल्याइएको त्रुटी तथा संस्थाको आन्तरीक लेखापरिक्षण, कर्मचारि वा सदस्यबाट गराउने ।

ग) साधारण सभामा लेखा सम्बन्धि वार्षिक प्रतिवेदन पेश गर्ने र सो प्रतिवेदनमा खातापाता लेखा सम्बन्धि अभिलेख, आर्थिक अनुशासन हिनामिना, पेश्की आदि बारे उल्लेख गर्ने ।

घ) बिशेष साधारण सभा बोलाउनु पर्ने ठोस कारण समेत खोली संचालक समिति समक्ष सुझाव पेश गर्ने ।

## व्यवस्थापकको नियुक्ती, काम, कर्तव्य र अधिकार :

क) संस्थाको दैनिक प्रशासन कार्य संचालनार्थ समितिले एक जना व्यवस्थापक नियुक्ति गर्नेछ । व्यवस्थापकको नियुक्ती गर्ने अधिकार र सेवा शर्तहरु स्वीकृत नियममा उल्लेख भए अनुसार हुनेछ ।

ख) अध्यक्षको नियन्त्रणमा रहि व्यवस्थापकले संस्थाको कार्यक्रम तथा व्यवसाय संचालन गर्ने ।

ग) साधारण सभा संचालन समिति वा उप समितिहरुको सचिवको कार्य गर्ने । अध्यक्षको स्वीकृतिमा बैठक बोलाउने ।

घ) संस्थाको आर्थिक प्राप्तिको लागि आवश्यक वार्षिक कार्यक्रम तथा व्यवसाय तथा बजेट तयार गरि संचालक समितिमा पेश गर्ने ।

ङ) संस्थाको तर्फबाट नगद कागजात वा सेक्युरिटीहरु प्राप्त गर्ने तथा तिनको उचित सुरक्षाको प्रवन्ध मिलाउने ।

च) संस्थाको हर हिसावको लेखा ठिक र सहि तरिकाले राख्ने, राख्न लगाउने र आर्थिक विवरणहरु प्रमाणित गर्ने र सिफारिस गर्ने ।

छ) संस्थाको विरुद्ध अदालत अन्य निकायमा रहेको उजुरी प्रतिरक्षा गर्ने वा मिलापत्र गर्ने तथा संस्थाको तर्फबाट कसैको विरुद्ध यस्तो हक दाविको सम्वन्धमा उजुरी गर्ने ।

ज) स्विकृत कार्यक्रम कार्यान्वयन गर्ने र वजेटको परिधी भित्र रहि खर्च गर्ने ।

झ) संस्थाको आर्थिक कारोबार तथा बैंक खाता संचालन गर्ने तथा आर्थिक कारोबार सम्वन्धि आवश्यक पर्ने विल, भर्पाई कागजातहरु प्रमाणित गर्ने ।

ञ) संचालक समितिको निर्णय अनुसार समितिले तोकिदिएको कुराहरुमा संस्थाको तर्फबाट सम्झौता पत्र तथा कागजातहरुको सदर गर्ने ।

ट) संस्थाको कर्मचारीहरुको कार्य विभाजन अधिकार र कर्तव्यको निर्धारण गर्ने तथा कर्मचारीहरुको नियन्त्रण गर्ने तथा स्विकृति कर्मचारी नियम तथा दिग्दर्शनको अधिनमा रहि नियुक्ती, सरुवा, बढुवा, सजाय, निलम्वन, पुरस्कार आदी सम्वन्धि निर्णय गर्ने वा त्यस्तो निर्णयको लागि सिफारिस गर्ने ।

ठ) विनियममा भएको व्यवस्था तथा साधारण सभा र संचालक समितिको निर्णयहरुको परिधी भित्र रहि संस्थाको उद्देश्य प्राप्तिको लागि आवश्यक कार्यक्रम तथा व्यवसाय सुचारु रुपले संचालन गर्न आवश्यक हुन आउने अन्य कार्यहरु गर्ने ।

ड) डिभिजन सहकारी कार्यालयमा पठाउने गरी निर्दिष्ट तथा निर्देशित विवरणहरु समयमै

३३ बचत वितरण : अनिवार्य रुपले पठाउने ।

क) प्रत्येक वर्ष संस्थाको हिसाव जाँच भए पछि आर्थिक खुद नाफा कम्तीमा २५ प्रतिशत जगेडा कोषमा राखिने छ ।

ख) यसरी जगेडा कोष छुट्याई बाँकि रकमलाई सत प्रतिशत मानि निम्नाअनुसारको प्रतिशत छुट्याईने छ ।

१. २० प्रतिशत नबढाई शेयर लाभांस कोषमा यस कोषबाट वितरण गरिने रकम चुक्ता शेयरमा वार्षिक १५ प्रतिशत भन्दा बढी हुने छैन ।

२. सदस्यले गरेको कारोबारको आधार र अनुपातमा ३० प्रतिशत संरक्षक पुजी कोषमा, १० प्रतिशत कर्मचारी बोनस कोषमा यसरी वितरण गर्ने बोनस कर्मचारीको २ महिनाको तलब भन्दा बढी हुने छैन ।

४. १५ प्रतिशत शहकारी शिक्षा कोषमा ।

५. १० प्रतिशत सहकारी विकास कोषमा ।

६. १५ प्रतिशत घाटा पुर्ति कोषमा ।

२०६२।७।२२

सहकारी अधिकृत

८. कोषको सुरक्षा :

संस्थाको कोष कोषाध्यक्षको जिम्मा रहनेछ । कोषको रकम मध्ये संचालक समितिको निर्णयवाट स्विकृत भएको हद सम्म संस्थाको नगदको रुपमा राखि सो भन्दा वढी रकम संचालक समितिले तोकेको वैंकमा संस्थाको खाताको संचालन अध्यक्ष वा संचालक समितिले तोकिदिएको कुनै संचालक र कर्मचारिको संयुक्त हस्ताक्षरवाट हुनेछ ।

९. कोषको उपभोग :

कोषको उपयोग निम्नाअनुसार गर्न सकिनेछ ।

क. विनियममा उल्लेख भए बमोजिम संस्थाको स्विकृत अनुसार कार्यक्रम वा व्यवसाय संचालन गर्ने ।

ख. स्विकृत योजना अनुसारको कार्य गर्नको लागि आवश्यक स्थिर सम्पति खरिद गर्ने ।

ग. कुनै संघ संस्था वा वैंकको वचत वा मुद्धति खातामा जम्मा गर्ने ।

घ. कुनै वैंकको वचत वा मुद्धति खातामा जम्मा गर्ने ।

१०. संस्थाले राख्नुपर्ने वहिखाता र किताबहरु :

क. संस्थाको काम कारवाहि संचालन गर्दा देहाय वमोजिमको वहिखाता र किताबहरु राखिनेछ ।

१. सहकारी नियमावली २०४९ को अनुसूची ४ वमोजिम सदस्य दर्ता किताव ।

२. सम्पत्ति, दायित्व, आन्दानी र खर्च खाता ।

३. प्रारम्भिक साधारण सभा, साधारण सभा, विशेष साधारण सभा, संचालक समिति, लेखा समिति उप समितिको छुट्टा छुट्टै कारवाहि खाता ।

४. नगद खाता ।

५. संस्थाको अरु कुनै व्यक्ति वा संघ संस्था वा संघ सगै कुनै कारोवार गरेको भए सो कारोवार देखाउन दर्ता किताव ।

६. शेयर दर्ता किताव ।

७. जिन्सी खाता ।

८. वेरुजु सुपरिक्षण खाता ।

९. व्यक्तिगत खाता

१०. समय समयमा रजिष्ट्रारले तोकेको खाताहरु ।

सहकारी अधिकृत

ख. संस्थाको वहिखाताहरु साधारण सभामा जुनसुकै सदस्यले हेर्न चाहेमा उपलब्ध गराइनेछ । तर व्यक्तिगत वचत खाता भने सम्वन्धित सदस्यले मात्र हेर्न पाउनेछ ।

११. बार्षिक हिसाव जाँच :

देहाय वमोजिम रित पुऱ्याई लेखापरिक्षक नियुक्ति गर्नु पर्ने र हिसाव जाँच गराउनु पर्नेछ ।

क. संस्थाको प्रत्येक वर्षको हिसावको आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र साधारण सभाले तोकेको रजिष्ट्रार वा निजवाट अधिकार प्राप्त अधिकारीवाट दर्तावाला लेखापरिक्षक नियुक्तिको लागि स्विकृत लिई जाँच गराउनु पर्नेछ ।

ख. लेखापरिक्षक नियुक्ति गर्दा एउटै व्यक्ति वा कम्पनिलाई लगातार ३ पटक भन्दा वढी नियुक्ति गरिने छैन् ।

ग. लेखा परिक्षकवाट हिसाव जाँच गराई सकेपछी सहकारी नियमहरु २०४९ वमोजिम सम्पूर्ण कुराहरु खोली प्रतिवेदन प्राप्त गराईनेछ ।

घ) स्थित हिसाब जाँचको प्रतिवेदनको अनुमोदनको लागि साधारण सभामा पेश गरिनेछ । साधारण सभा अनुमोदनको लागि साधारण सभामा पेश गरिनेछ । साधारण सभा अनुमोदन नगरेमा अर्को लेखा परिक्षक नियुक्ति गरि जाँचबुझ वा पुनः हिसाब जाँच गराइनेछ ।

## ३२. निर्वाचन

क) विनियममा उल्लेख भए बमोजिम निर्वाचित गराउनु पर्ने कुनै पदको निर्वाचन गराउदा संस्थाले बनाई लागु गरेको निर्धारित निर्देशिका बमोजिम हुनेछ ।

ख) संचालक समितिको कार्य अवधि समाप्त हुनु अगावै नयाँ संचालक समितिको निर्वाचन गरिने छ ।

ग) उपदफा (ख) बमोजिम समयभित्र संचालक समितिको निर्वाचन नगराएमा कुनै पनि सदस्यले सो को लागि रजिष्ट्रारलाई जानकारी गराउन सक्नेछ ।

घ) समिति र लेखा समितिको निर्वाचन गर्न ३ जनाको समिति हुनेछ । जसमा संस्थाको उम्मेदवार नहुने शेयर सदस्यहरु मध्येबाट संयोजक १ सदस्य १ र डिभिजन सहकारी कार्यालयको प्रतिनीधि १ गरि जमा ३ जनाको निर्वाचित समिति हुनेछ ।

## ३३. मध्यस्थता :

क) संस्थाको लेनदेन, कारोवारको सम्वन्धमा देहाय बमोजिमका पक्षहरुका विच विवाद उठेमा सो को निर्णयको लागि मध्यस्थता गर्न रजिष्ट्रारलाई सुम्पन सक्नेछ ।

१. संस्थाको र जिल्ला सहकारी संघ वा विषयगत संघ वा केन्द्रिय सहकारी संघ वा राष्ट्रिय सहकारी संघका विच ।

२. संस्था र आफ्नो कर्मचारीहरु विच ।

३. संस्था र संचालक समिति र सदस्यहरु विच ।

ख) उपदफा (क) बमोजिम रजिष्ट्रारलाई सुम्पिएको विवाद निर्णय गर्न दुई पक्ष मध्ये प्रत्येक पक्षले एक एक जना गरी जम्मा ३ जना मध्यस्थकर्तालाई मनोनित गर्नु पर्नेछ ।

ग) रजिष्ट्रारद्वारा मनोनित मध्यस्थकर्तालाई प्रत्येक पक्षका मध्यस्तकर्ता धर्म भकाउने, लिखीत कागज पत्र, बहि खाता आदि जुनसुकै प्रमाणको कागज र साक्षी झिकाउने, खर्च भराउने, प्रमाण बुझ्ने आदी गर्ने अधिकार हुनेछ ।

घ) मध्यस्थकर्ताको निर्णय वा फैसला प्रत्येक पक्षलाई एक प्रति सम्वन्धित मिसिल काजगको साथै रजिष्ट्रार छेउ पठाउनु पर्नेछ ।

## ३४. विनिमय संसोधन :

क) विनियममा लेखिएको कुनै कुरामा संसोधन गनुपर्ने भएमा साधारण सभामा सदस्यहरुको ५१ प्रतिशत सदस्यहरुको उपस्थिति मात्र कम्तिमा दुई तिहाई बहुमतबाट विनियम संसोधन प्रस्तावलाई साधारण सभाले पारित गरी संसोधन गर्न सक्नेछ ।

ख) साधारण सभावाट संसोधनको प्रस्ताव पारित भएपछि विनियम रजिष्ट्रार समक्ष स्विकृतिको लागि पठाइने छ । संसोधित विनियमलाई सहकारी ऐन २०४८ को दफा १२ (५) बमोजिम स्विकृति भए पछि मात्र विनियम संसोधन भएको मानिनेछ ।

विघटन :

क. साधारण सभाको कुल सदस्यको दुई तिहाई बहुमतबाट संस्था विघटन, एकिकरण र विभाजन गर्ने निर्णय गर्न सक्नेछ।

ख. सहकारी ऐन २०४८ को दफा ४१ को उपदफा (१) बमोजिम निर्णय सहितको निवेदन प्राप्त भएपछि रजिष्ट्रार वा निजबाट अधिकार प्राप्त व्यक्तिले संस्थाको दर्ता खारेज गर्न सक्नेछ। यसरी एकिकरण र विभाजन सहकारी ऐन २०४८ को दफा ३१ बमोजिम गर्न सक्नेछ।

विविध :

१. संस्थाले प्रतिशेयर रु. १००। दरका १ लाख कित्ता शेयर जारी गर्ने छ।
२. संस्थाले सर्वजनिक रुपमा आह्वान गरी शेयर खरिद बिक्रि गर्न पाउने छैन।
३. संस्थाले अर्को प्रारम्भिक सहकारी संस्थाको शेयर खरिद गर्ने छैन ।वाणिज्य बैंक वा वित्तिय संस्था वा अन्य संस्थाको शेयर खरिद गर्नु परेमा सहकारी विभागको स्वीकृत लिइनेछ।
४. एकाघर परिवारबाट एक भन्दा बढी व्यक्ति एकै अवधिमा एकै संस्थाको संचालकको पदमा बहाल रहन पाउने छैन।
५. संस्थाबाट लिएको ऋणको भाखा नाघेको ऋणी सदस्य ऋण चुक्ता नगरेसम्म संचालक समिति वा लेखा समिति वा अन्य उपसमिति कुनै पनि पदमा उम्मेदवार हुन पाउने छैन।
६. संस्थाको कुनै पनि सदस्य एकै प्रकृतिको एक भन्दा बढी संस्थाको संचालक समिति वा लेखा समिति कुनै पनि पदमा उम्मेदवार हुन पाउने छैन।
७. संस्थाको संचालकको पदमा उम्मेदवार हुदा सदस्य स्वयंले प्रचिलित कानुन बमोजिम आफ्नो नाम कालो सुचीमा नपरेको वा कर्जा कारोबारमा अनियमित नभएको भनि स्वघोषण पत्रमा सहिछाप गरि संस्थामा पेश गर्नु पर्ने छ।
८. संस्थाको बचत तथा सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने जिम्मेवारी संचलकहरुको हुनेछ।
९. संस्थाले ऋण उपसमितिको सिफारिसमा ऋण लगानी गर्ने छ र ऋण लगानी उप समिति ( ऋण उप समिति ) ले आफ्नो सिफारिसको वहन गर्नु पर्नेछ।
१०. संस्थाको शेयर सदस्यहरुलाई संस्थापक सदस्य, शेयर सदस्य र साधारण सदस्यको रुपमा वर्गिकरण गरिने छैन र सदस्यहरु बिच वर्गिकरण गरेर बिभेद गरिने छैन।
११. नयाँ संचालक समितिको निर्वाचन मनोनयन भएपछि तिनीहरुको तिन पुस्ते सहितको विवरण र हालसालै खिचेको पासपोर्ट साइज्को १ प्रति फोटो सहित संस्थाको डिभिजन सहकारी कार्यालयलाई उपलब्ध गराईने छ।
१२. संस्थाको कुनै पनि शाखा खोलिने छैन।
१३. संस्थाले बचत निक्षेप संकलन गर्ने र कर्जा प्रवाह गर्ने कार्य आफ्ना सदस्यहरुका बिचमा मात्र सिमित गरिनेछ।
१४. संस्थाले बचत निक्षेपमा प्रदान गर्ने ब्याजदर र ऋण लगानीमा लिने ब्याजदरको निर्धारण प्रचलित ब्याजदरको आधारमा गर्नेछ। बजारमा प्रचलित ब्याजदर भन्दा अस्वभाविक रुपले बढी ब्याजदरमा बचत संकलन तथा ऋण लगानीको कारोबार गरिने छैन। बचतमा दिइने ब्याजदर र कर्जा तथा ऋणमा लिईने ब्याजदरको अन्तर ६ प्रतिशत भन्दा बढी गरिने छैन।
१५. प्रारम्भिक संस्थाले प्राकृतिक व्यक्ति संग मात्र बचत र ऋणको कारोबार गरिनेछ।
१६. संस्थाले शेयर पुजीको बढीमा १० गुणा सम्म मात्र सदस्यहरुबाट बचत निक्षेप गर्न सकिनेछ।

१८ संस्थाले बचत, निक्षेप, ऋण लगानी, ब्याज निर्धारण आदि विषयहरुमा आवश्यक नीति, प्रक्रिया तथा कार्यविधिहरु निर्धारण गरि साधारण सभावाट पारित गरि डिभिजन सहकारी कार्यालयमा पेश गरिनेछ ।

१९ संस्थाले निर्धारण गरेको व्याजको विवरण चौमासिक रुपमा सहकारी कार्यालयमा पेश गरिनेछ, साथै संस्थाले परिवर्तन गरेको व्याजदर जानकारीको लागी संस्थाको कार्यालयमा प्रकाशित गरि सो को विवरण परिवर्तन गरेको मितिले ७ दिन भित्र सहकारी कार्यालयमा पेश गरिनेछ ।

२० संस्थाका सदस्यहरु विच बचत (मुनाफा) वितरण प्रयोजनको लागि नगद पद्धति (Cash system) मा व्याज आय लेखा राखि अन्य प्रयोजनको लागी (Accrual system) मा कारोवारको लेखा राखिनेछ । नगदमा प्राप्त नभएको व्याजलाई पाउनु पर्ने व्याज हिसावमा खर्च लेखि व्याज मुद्धति खातामा (Interest suspense A / C) मा जम्मा गरिनेछ ।

२१ संस्थाले कुनै एक सदस्यलाई संस्थाको प्राथमिक पुँजीको प्रथम पटकको लागी ५ प्रतिशत, दोस्रो पटकको लागी १० प्रतिशत र तेस्रो पटकको लागी २० प्रतिशत नघटाई ऋण प्रदान गर्न सकिनेछ । सदस्यले लिएको ऋणको साँवा र व्याज पुरै भुक्तानी नगेसम्म निजलाई पुन ऋण लगानी गरिने छैन ।

२२ प्रस्तावित ऋण लगानीको कम्तिमा दोव्वर मुल्य बरावरको जायजेथा धरौटी वा कुनै सदस्यको धन जमानिमा मात्र संस्थाले ऋण लगानी गर्ने छ । तर संस्थाले औचित्यताको आधारमा समुह जमानिमा ऋण लगानी गर्न बाधा परेको मानिने छैन ।

२३ संस्थाले जेथा धितो राखि ऋण लगानी गर्दा ऋण लिने सदस्यको आफ्नै जेथा (Primary collateral) धितो नराखि अर्काको जेथा ( Second any collateral ) को आधारमा मात्र ऋण लगानी गरिनेछ ।

२४ संस्थाले संचालक समितिका ३९ प्रतिशत भन्दा वढी सदस्यहरुलाई एकै अवधिमा ऋण लगानी गरिने छैन ।

२५ संस्थावाट प्रभावित हुने सबै प्रकारका ऋण लगानीमा कुल परियोजना लागतको वढीमा ८० प्रतिशत अंश संस्थावाट र घटीमा २० प्रतिशत अंस स्वपुंजी (उद्धमी स्वयंको पुजी) वाट व्यहोर्ने गरी ऋण लगानी गरिनेछ ।

२६ संस्थावाट प्रदान गरिएको ऋणलाई तपशिल वमोजिम [illegible] वर्गमा विभाजन गरी ऋण नोक्सानी कोष (डुवन्त ऋण कोष) व्यवस्था गरिनेछ ।

| क.स. | ऋणको वर्गिकरण | भाखा नाघेको अवधि | ऋण नोक्सानी कोषको व्यवस्था |
|---|---|---|---|
| १. | असल ऋण | भाखा ननाघेको | १ प्रतिशत |
| ~~२.~~ | ~~[illegible]~~ | ~~[illegible]~~ | ~~[illegible]~~ |
| ३. | शंकास्पद ऋण | ~~[illegible]~~ १ वर्षसम्म भाखा नाघेको | ~~[illegible]~~ ३५ प्रतिशत |
| ३. | खराव ऋण | १ वर्ष भन्दा वढी भाखा नाघेको | १०० प्रतिशत |

२७ संस्थाले २६ मा उल्लेख भए वमोजिमको ऋणको वर्गीकरण र ऋण नोक्सानी कोषको व्यवस्था गरि प्रत्येक वर्ष श्रावण मसान्त भित्र डिभिजन सहकारी कार्यालयमा विवरण पेश गरिनेछ ।

२८. संस्थाका संचालक समिति, लेखा समिति तथा ऋण लगानी उपसमिति सहकारी कार्यलयमा पेश गरिनेछ ।

२९. संस्थाले आफ्ना सदस्यको शेयर प्रमाणपत्र वा अन्य कुनै सहकारी संस्थाका सदस्यको शेयर प्रमाणपत्र धितो जमानी राखि ऋण लगानी गरिने छैन ।

३०. संस्था दर्ता हुँदाका बखत रहेका सदस्य बाहेक अन्य व्यक्तिको हक सदस्यको रुपमा ३ महिना सम्म संस्थाका नियमीत बचत गरेमा मात्र ऋण लगानी गर्न सकिनेछ ।

३१. संस्थाले करोबार गर्दा सदस्यहरु संग सेवा शुल्क लिईने छैन ।

३२. बचत तथा ऋण सम्वन्धि कारोवार गर्ने प्रत्येक संस्थाले कुल बचत रकमको कम्तिमा १० प्रतिशत रकम तरलताको रुपमा अनिवार्य राख्ने व्यवस्था गरिनेछ । यस प्रयोजनको लागी नगद मौज्दात, मुद्धति र सरकारी ऋण पत्रमा गरेको लगानीलाई समेत तरल सम्पत्ति मानिनेछ ।

३३. संस्थाले माथि ३२ मा उल्लेखित तरलता रकम मध्ये कम्तिमा २० प्रतिशत नगद आफ्नो ढुकुटीमा ८० प्रतिशत नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त वाणिज्य बैंकमा अनिवार्य रुपमा राखीनेछ र प्रत्येक महिनाको अन्तिम दिनलाई आधारमानि तरलताको गणना गरिने छ ।

३४. बचत तथा ऋणको कारोवार गर्ने संस्थाहरुले तरलता सम्म खुल्ने कारोवार सम्वन्धि विवरण संस्थाको कार्यालयमा मासिक रुपमा प्रकाशन गरिनेछ ।

३५. तरलता सम्वन्धि विवरण समेतको प्रतिवेदन डिभिजन सहकारी कार्यालयमा चौमासिक रुपमा पेश गरिने छ ।

३६. संस्थाले सहकारी मुल्य मान्यताहरुमा आधारित आचार सहिंता तयार गरिने पदाधिकारी तथा सदस्यहरुले पालना गर्नु पर्ने गरि लागू गरिनेछ ।

३७. प्रत्येक संस्थाले संस्थाको प्रमाणपत्रमा उल्लेख भए बमोजिम संस्थाको नाम, दर्ता नं., दर्ता मिति र दर्ता भएको सहकारी कार्यालयको नाम संमेत खुलार्य नेपाली भाषा देवनागरिलिपीमा साईन बोर्ड लेखी संस्थाको कार्यालयमा सबैले देख्ने गरि राख्नेछ ।

३८. सहकारी संस्थाको कार्यालयमा सबैले देखिने गरि निम्न कुराहरु खुलेको विवरण राखिने छ ।

क. संस्थाको भौगोलिक कार्यक्षेत्र,
ख. संस्थाको उद्देश्य र कार्यहरु,
ग. संस्थाको सदस्य संख्या (महिला / पुरुष)
घ. शेयर पुंजी
ङ. महिनाको अन्तको बचत निक्षेप रकम,
च. बचत संकलन तथा ऋण प्रवाह गर्ने तरिका,
छ. ब्याजदर सम्वन्धि विवरण,
ज. संचालक तथा लेखा समितिका सदस्यहरुको नाम र ठेगाना,
झ. अन्य आवश्यक कुराहरु

३९. कम्प्युटरमा अभिलेख राख्ने गरेमा संस्थाहरुले आर्थीक तथा प्रशासनिक अभिलेखहरु मासिक रुपमा मुद्रण गरी प्रमाणित गरि राखिने छ ।

४०. यस विनियममा माथिको व्यवस्था अतिरिक्त निम्न व्यवस्था पनि गरिएको ।

१. विनियमा व्यवस्था नभएका कुराहरुको सम्वन्धमा ऐन र नियम अनुसार हुनेछ ।
२. कुनै संचालक वा साधारण सभाको प्रतिनिधिको निर्वाचन वा निर्युक्तिका सम्वन्धमा ऐन, नियम र विनियम अन्तर्गतको कुनै व्यवस्था पालन भएको छैन भन्ने कुराफछी ठहरिन

गएमा त्यसरि ठहरिनु भन्दा अगावै त्यस्तो संचालक समिति, उप समिति वा साधारण सभाले गरेको काम कार्यवाहि सो कुराले बदर हुने छैन ।

३. संस्थाको अनुसूचि २ मा उल्लेख भए अनुसारको छाप रहनेछ । त्यो छाप समितिले तोकेको कर्मचारिको जिम्मा रहनेछ ।

४. संस्थाको उद्देश्य अनुरुपको सेवा बाहेक अन्य कुनै कारोबार गैर सदस्य संग गरिने छैन ।

५. यस विनियममा उल्लेखित कुनै व्यवस्थाहरु सहकारी ऐन, नियम र सिद्धान्तसंग बाझिएमा बाझिएको हदसम्म स्वत: अमान्य हुनेछ र ती व्यवस्थाहरु प्रचलित सहकारि कानुन बमोजिम हुनेछन् ।

६. यस विनियम तथा कार्ययोजनामा उल्लेख भएका काम कुराहरु गर्दा कुनै निकायको पूर्व स्वीकृति लिनु पर्ने भएमा वा अवस्थामा लिएर मात्र गरिने छ ।

७ संस्थाको साइनबोर्डमा "सहकारी ऐन २०४८ अनुसार" स्थापित भनी लेखिने छ ।

८ १० प्रतिशत तरलता कायम गरिने छ ।

९ ऋण लिने उद्देश्यले मात्र आएका सदस्यलाई शेयर सदस्य बनाइने छैन ।

१०. ऋण प्रवाह गर्दा प्रयाप्त धितो सुरक्षण लिईने छ ।

११. सदस्य सहभागी कार्य गरिने छ ।

दर्ता मिति :- २०६५।५।२२

दर्ता नं. :- २५८/०६५-५-२२

दर्ता गर्ने अधिकारिको

दस्तखत :-

नाम थर :- गिरिराज ज्ञवाली

दर्जा :- सहकारी अधिकृत

कार्यालय :- डिभिजन सहकारि कार्यालय, नुवाकोट

अनुसुची - १
(विनियम १३ संग सम्बन्धित)

संस्था दर्ता नं.

शेयर प्रमाण पत्र नं.
सदस्यता नं.

## श्री जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लि.
बिदुर-३, नुवाकोट

मिति : ....................

# शेयर प्रमाण पत्र

सहकारी ऐन २०४८ को दफा १२ अन्तर्गत यस संस्थाको विनियम १३ बमोजिम शेयर क्रम संख्या नं ...................... देखि ...................... सम्मको शेयर थान .......... को प्रति शेयर रु .......... का दरले हुन आउने जम्मा रु.......................................... अक्षरेपी ...................... को शेयर श्री ...................................... को छोरा छोरी श्रीमती .......................... ..........................बस्ने (स्थायी ठेगाना) श्री बुहारी श्रीमति ...................... माथि उल्लेखीत शेयर खरिद गर्नु भएकोले संस्थाको छाप लगाईको यो प्रमाण पत्र प्रदान गरिएको छ।

| | | |
|---|---|---|
| .................... | .................... | .................... |
| प्रमाण पत्र पाउनेको सहि | व्यवस्थापक | अध्यक्ष |

नोट : यो संस्थाको स्वीकृती लिएर मात्र यो शेयर हस्तान्तरण गर्न सकिनेछ।

अनुसुचि - २
(बिनियम ४१ (३) संग सम्वन्धित)

यस संस्थाको चिन्हको रुपमा तल उल्लेख गरिए बमोजिमको लोगो अंकित छाप हुनेछ ।

अनुसुची - ३
(विनियमको दफा १४ सँग सम्बन्धित)

# सदस्यताको दर्ता किताब

| क्र.सं. | बाजेको नाम | बाबुको नाम | पति वा पत्निको नाम | सदस्यको नाम | उमेर | ठेगाना | पेशा | खरिद गरेको शेयर विवरण | | सदस्य भएको मिति | मनोनित हकवालाको नाम | उमेर | ठेगाना | दस्तखत सहीछाप | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | शेयर संख्या | शेयर रकम | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |

श्रीमान् अध्यक्षज्यू
अन्तर्मुखी बहुउद्देश्यीय सहकारी संस्था लि
विदुर- ४, विदुर

फोटो

विषय:- सदस्यताको लागि आवेदन ।

महोदय,

मैले यस संस्थाको विनियम , निर्देशिका एवं बचत तथा ऋण सम्बन्धी शर्तहरु अध्ययन गरी सो मा मञ्जुर भै नियमित बचत गर्ने अभिप्रायले सदस्यताको लागि यो निवेदन पेश गरेको छु । साथै यस संस्थाको नियमानुसार सदस्यताका लागि प्रवेश शुल्क बापत रु १००। - सदस्यता शुल्क रु ......................र शेयर ......................थान बापत प्रति शेयरको रु ...................... ले हुन आउने रु ......................जम्मा गरी जम्मा अक्षेरुपी ......................मात्र ) यसैसाथ संलग्न गरी सदस्यताका लागि अनुरोध गर्दछु । हाललाई म नियमित मुहिनावारी बचत रु ...... जम्मा गर्न सक्षम भएको व्यहोरा अवगत गराउँदछु । म यस्तै प्रकृतिको अन्य कुनै सहकारी संस्था (...) रहेको छैन एवं तथा वित्तीय संस्थाको काम कारोवारमा अधिकृत रहेको छैन । व्यहोरा साँचो हो ... गरे कानून बमोजिम सहुँला, बुझाउँला ।

| | | | |
|---|---|---|---|
| १ नाम थर | | २ | स्थायी ठेगाना |
| ३ जन्म मिति | | ४ | पत्राचार गर्ने ठेगाना |
| ५ कार्यालय | | ६ | पेशा |
| ७ बाबुको नाम | | ८ | आमाको नाम |
| ९ बाजेको नाम | | १० | पति पत्नीको नाम |
| ११ शैक्षिक योग्यता | | १२ | कार्य अनुभव |

सहकारी अधिकृत

अनुसूची - ५
(दफा ३६ संग सम्बन्धित)

शपथ ग्रहण

"म ........................................ साधारण सभा समक्ष यो प्रतिज्ञा गर्दछु -मेरो सामर्थ्यले भ्याएसम्म समितिको सदस्यको नातालि सबै काम तथा बैठकहरुमा नियमित रुपले भाग लिनेछु तथा संस्थाको विकास र सदस्यको हितका लागि इमान्दारि तथा पवित्र हृदयले पक्षपात रहित तरिकाबाट निर्णय लिनेछु "

शपथ गर्ने पदाधिकारीको

(क) नाम थर :

(ख) दस्तखत :

(ग) मिति :

(घ) पद :

शपथ ग्रहण गराउने पदाधिकारिको

(क) नाम थर :

(ख) दस्तखत :

(ग) मिति :

(घ) पद :

सहकारी अधिकृत

तदर्थ सञ्चालक समितिका पदाधिकारीहरुको

विवरण र दस्तखत

| सि.नं. | पद | नाम थर | पेशा | ठेगाना | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | अध्यक्ष | हरि बहादुर बस्नेत | | विदु-९ | | |
| २ | उपाध्यक्ष | लीलानाथ चेपाने | | विदुर-८ | | |
| ३ | सचिव | महेन्द्र श्रेष्ठ | | विदुर-११ | | |
| ४ | उप सचिव | वासुदेव पनेरु | | विदुर-६ | | |
| ५ | कोषाध्यक्ष | युवराज तिमल्सिना | | विदुर-४ | | |
| ६ | सदस्य | राम प्रसाद थपलिया | | विदुर-१ | | |
| ७ | सदस्य | रामकृष्ण गजुरेल | | विदुर-६ | | |
| ८ | सदस्य | चन्द्र बहादुर कुमाल | | विदुर-५ | | |
| ९ | सदस्य | राम्जी भण्डारी | | विदुर-९ | | |
| १०. | सदस्य | धुव बहादुर मिजार | | विदुर-५ | | |
| ११. | सदस्य | ~~रामकृष्ण~~ गजुरेल रामेश्वर | | विदुर-८ | | |
| १२. | सदस्य | | | | | |
| १३. | सदस्य | | | | | |
| १४. | सदस्य | | | | | |
| १५. | सदस्य | | | | | |

सहकारी अ...

"सहकारी उद्यमले समृद्ध विश्वको निर्माण गर्छ ।"

फोन/फ्याक्स:- ०१०-५६००१३

# नेपाल सरकार
## सहकारी तथा गरिबी निवारण मन्त्रालय
## सहकारी विभाग
# डिभिजन सहकारी कार्यालय
नुवाकोट, विदुर

पत्र सं:- ०६९/७०
च.नं:- २६४

मितिः- २०६९/०५/२५

विषयः- कार्यक्षेत्र विस्तार सम्वन्धमा ।

श्री जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लि.,
विदुर-४, नुवाकोट ।

त्यस संस्थाको मिति २०६८/०७/२६ गते सम्पन्न तेस्रो बार्षिक साधारण सभाको निर्णय तथा च.नं. ७७ मिति २०६९/०३/१० को पत्रबाट माग भए वमोजिम सहकारी विभागको च.नं. ३९६ मिति २०६९/०५/१४ को पत्रानुसार संस्थाको कार्यक्षेत्र नुवाकोट जिल्लाका गाउँखर्क र बेतिनी गा.वि.स. बाहेक नुवाकोट जिल्ला भर रहने गरी स्वीकृत भएकोले प्राप्त ३ महले फारम प्रमाणित गरी विनियम संशोधन गरी कार्यक्षेत्र विस्तार गरिएको व्यहोरा जानकारीको लागी अनुरोध छ । साथै सहकारी ऐन २०४८, सहकारी नियमावली २०४९, सहकारी सिद्धान्त, सहकारी विभागबाट जारी मापदण्ड तथा निर्देशन र संस्थाको स्वीकृत विनियम बमोजिम संस्था संचालन गर्नुहुन समेत जानकारी गराईन्छ ।

(सोमाकान्त काफ्ले)
सहकारी अधिकृत

सहकारी अधिकृत

"उत्पादन बृद्धि गरौं आत्मनिर्भर बनौं ।"

नेपाल सरकार सहकारी तथा गरिबी निवारण मन्त्रालय सहकारी विभाग डिभिजन सहकारी कार्यालय नुवाकोट

| विनियममा भएको साविकको व्यवस्था | संसोधन गर्नुपर्ने प्रस्तावित विवरण | संसोधन गर्नुपर्ने कारण |
| --- | --- | --- |
| १.यस संस्थाको चिन्हको रुपमा तल उल्लेखित गरिए वमोजिमको लोगो अंकित छाप हुनेछ । | १. यस संस्थाको चिन्हको रुपमा तल उल्लेखित गरिए वमोजिमको प्रस्तावित लोगो अंकित छाप हुनेछ । | १.यस संस्थाको लोगो साधारण र सरल भएकोले भविष्यमा पर्न सक्ने प्राविधिक समस्यालाइ मध्ये नजर गर्दै । २०६८।५।२५ सहकारी अधिकृत |
| २.यस संस्थाको कार्यक्षेत्र विदुर न.पा.भित्र हुनेछ । | २. यस संस्थाको कार्यक्षेत्र नुवाकोट जिल्ला ~~[illegible]~~ का गाउँखर्क र बेतिनी गा.वि.स. बाहेक नुवाकोट जिल्ला भर सिमित रहनेछ । | २.यस संस्था वहुउद्देश्यीय सहकारी संस्था भएकोले विभिन्न प्रकारका वहुउद्देश्यीय कार्यक्रम तथा योजनाहरु लागु गर्नको लागि र यस संस्थामा विभिन्न गा.वि.स.का वासिन्दाहरुबाट समेत यस संस्थाको सदस्यता माग भई आएकोले सिमित क्षेत्रले प्रर्याप्त नहुने । २०६८।५।२५ सहकारी अधिकृत |

संचालक समितीको पदाधिकारीहरुको नामावली

- अध्यक्ष- श्री हरि वहादुर वस्नेत
- उपाध्यक्ष- श्री लिलानाथ न्यौपाने
- सचिव- श्री महेन्द्र श्रेष्ठ
- सहसचिव- श्री वासुदेव पनेरु
- कोषाध्यक्ष- श्री खिल प्रसाद दवाडी
- सदस्य- श्री भोजराज पनेरु
- सदस्य- श्री लोक बहादुर पुडासैनी
- सदस्य- श्री युवराज तिमल्सिना
- सदस्य- श्री केशव बहादुर कुमाल
- सदस्य- श्रीमती बाल कुमारी अधिकारी  बालकुमारी
- सदस्य- श्रीमती विष्णुमाया कुमाल  विष्णु

फोन/फ्याक्सः- ०१०-५६००१३

नेपाल सरकार
सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी विभाग
# डिभिजन सहकारी कार्यालय
नुवाकोट, विदुर

प.सं.:- ०७२/७३
च.नं.:- ६६९

मिति:-२०७२/०९/२२

विषयः- विनियम संशोधन गरिएको ।

श्री जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लि.,
बिदुर-४, नुवाकोट ।

त्यस संस्थाको मिति २०७२/०८/२१ को पत्रबाट संस्थाको स्विकृत विनियमको दफा ६ मा उद्देश्य थप, दफा २३ को उपदफा २ मा संशोधन, दफा ३७ को उपदफा ख मा संशोधन, दफा ४६ को विविध शिर्षकमा बुंदा नं. २३ मा संशोधन र ४१ र ४२ बुंदा थप गरी तिन महले विवरण सहित मिति २०७२/०६/१६ मा सपन्न भएको वार्षिक साधारण सभाको निर्णय प्रतिलिपि सहित पेश हुन आएकोमा यस कार्यालयको मिति २०७२/०९/२२ को निर्णय अनुसार तिन महले फाराम प्रमाणित गरी विनियम संशोधन गरी पठाइएको व्यहोरा अनुरोध छ ।

०७२/९/२२

(शंकरराज पाठक)
सहकारी अधिकृत

सहकारी अधिकृत

(VI)

| विनियममा भएको साविकको व्यवस्था | संसोधन गर्नुपर्ने प्रस्तावित विवरण | संसोधन गर्नुपर्ने कारण |
|---|---|---|
| १.यस संस्थाको विनियमको दफा ६ मा भएको उद्देश्य शिर्षकमा आवश्यक केही उद्देश्यरु छुट भएकोले बुदाँ नम्बर ण, त,र थ थप गरि आवश्यक केही उद्देश्यहरु थप गर्ने । | १.यस् संस्थाको विनियमको दफा ६ मा भएको उद्देश्य शिर्षकमा तपसिल अनुसारको उद्देश्य थप गर्ने :<br>ण.संस्थाको उद्देश्य प्राप्तीको लागी सुचना प्रविधिको अधिकतम प्रयोग गर्दै सहकारी मैत्री सुचना तथा संचारको कार्यक्रमहरु संचालन गर्ने ।<br>त.संस्थाले निम्न आयस्रोत भएका गरिब, अशक्त,अपाङ्ग,घाईते,वेपत्ता,द्धन्द्धपिडित,शहिद परिवार लगायतका विपन्नवर्गहरुलाई आत्मनिर्भर बनाउनको लागी लघुवित्त कार्यक्रम संचालन गर्ने र बैंक तथा वित्तिय संस्थाहरुसग सुलभ दरमा थोक कर्जा लिई सदस्यहरुलाई लगानी गर्ने ।<br>थ.संस्थाको विकासको लागी आय आर्जन मुलक परियोजनाहरु संचालन गर्न थप पुंजीको व्यवस्था गरि लघु तथा साना जलविद्युत परियोजना लगायतका अन्य सम्भाव्य उद्योग तथा व्यवसायहरु, सहकारी बजार व्यवस्थापन, कृषि उपज संकलन तथा भण्डारण लगायतका विभिन्न व्यवसायमुलक परियोजनाहरु संचालन गर्ने । | १.यस संस्था बहुउद्देश्यीय भएकोले समय अनुकुल आफुलाई सबल र सक्षम बनाउन आधुनिक ढंगबाट संचालन गर्ने र सदस्यहरुको हितमा आफ्नो सेवाको विस्तार गर्ने । |
| २. यस संस्थाको विनियमको दफा २३ मा भएको उपदफा २.संचालक समितिको पदावधि २ वर्षको हुनेछ र संचालकहरु पुन निर्वाचित हुन सक्नेछन् । | २.यस संस्थाको विनियमको दफा २३ को उपदफा २ संसोधन : २.संचालक समितिको पदावधि ३ वर्षको हुनेछ । र संचालकहरु पुन निर्वाचित हुन सक्नेछन् । संस्थाको संचालक समिति र लेखा समितिको निर्वाचन संस्थाको निर्वाचन निर्देशिका अनुसार हुनेछ । | २.संचालक समितिको पदावधि २ बर्ष छोटो भएकोले लक्षित उद्देश्य प्राप्त गर्न असहज भएकोले । |
| ३. यस संस्थाको विनियमको दफा ३७ को उपदफा ख) यसरी जगेडा कोष छुट्याई बाँकी रकमलाई सत प्रतिशत मानी निम्नाअनुसारको प्रतिशत छुटाइने छ : १.२० प्रतिशत बढाई शेयर लाभांश कोषमा यस कोषबाट वितरण गरिने रकम चुक्ता शेयरमा बार्षिक १५ प्रतिशत भन्दा बढि हुने छैन ।<br>२. सदस्यले गरेको कारोबारको आधारमा र अनुपातमा ३० प्रतिशत संरक्षित पुंजीकोषमा, १० प्रतिशत कर्मचारी बोनस यसरी वितरण गरिने बोनस २ महिनाको तलब भन्दा बढिहुने छैन ।<br>४. १५ प्रतिशत सहकारी शिक्षा कोषमा ।<br>५.१० प्रतिशत सहकारी विकास कोषमा ।<br>६. १५ प्रतिशत घाटापुर्ति कोषमा । | ३.यस संस्थाको विनियमको दफा ३७ को उपदफा ख संसोधन : ख) यसरी प्रत्येक आ.व.को खुद नाफा बाट जगेडा कोष छुट्याई बाँकी रकमलाई सत प्रतिशत मानी निम्न अनुसारको कोषहरु खड्ा गरि सो कोषहरुमा निम्न अनुसारका प्रतिशतमा रकम छुट्याइने छ ।<br>१.शेयर लाभांश कोषमा २० प्रतिशत ।(यस कोषबाट वितरण गरिने रकम चुक्ता शेयरपुंजीको बार्षिक १५ प्रतिशत भन्दा बढि हुने छैन ।)<br>२.सदस्यले गरेको कारोबारको आधारमा र अनुपातमा संरक्षित पुंजीकोषमा ३० प्रतिशत ।<br>३. कर्मचारी बोनस कोषमा १० प्रतिशत ।(यसरी वितरण गरिने बोनस २ महिनाको तलब भन्दा बढिहुने छैन ।)<br>४.सहकारी शिक्षा कोषमा १० प्रतिशत ।<br>५.सहकारी विकास कोषमा १० प्रतिशत ।<br>६.घाटापुर्ति कोषमा १० प्रतिशत ।<br>७.सदस्य कल्याण तथा हित कोषमा १० प्रतिशत । | ३.यस संस्थाको सदस्यहरुलाई पर्ने विभिन्न समस्याहरुमा संस्थाको तर्फ बाट संचालक समितिको निर्णय अनुसार विपतको समयमा सहयोग गर्ने (जस्तै :प्राकृतिक विपति,दिर्घरोगको औषधिउपचार,काजक्रिया,उच्चशिक्षा आदी)। |

सहकारी अधिकृत

| | | |
|---|---|---|
| ४. यस संस्थाको विनियमको दफा ४६ को विविध शिर्षकमा बुदाँ नम्बर २३ मा संस्थाले जाय जेथा धितो राखी ऋण लगानी गर्दा ऋण लिने सदस्यको आफ्नै जेथा (Primary Collateral) धितो नराखी अर्काको जेथा. ( Secondary Collateral) को आधारमा मात्र ऋण लगानी गरिनेछ । | ४.यस संस्थाको विनियमको दफा ४६ को विविध शिर्षकको बुदाँ नम्बर २३ संसोधन :<br>२३.संस्थाले जाय जेथा धितो राखी ऋण लगानी गर्दा ऋण लिने सदस्यले आफ्नो नाममा भएको जेथा ( Primary Collateral), एकाघर परिवारको नाममा भएको जेथा( Family Collateral), ~~सदस्य आवद्ध कम्पनी वा फर्मको नाममा भएको जेथा~~ र सदस्यलाई धितो मन्जुरीनामा दिन ईच्छुक अन्य व्यक्तिको जेथा ( Secondary Collateral) धितो राखी जाय जेथाको मुल्याङ्नको आधारमा कर्जा लगानी गरिनेछ । कर्जा लगानी गर्दा कर्जा लगानी तथा असुली निर्देशिका अनुसार गरिनेछ । | ४.२३. असस्पष्ट भएकोले उल्टो अर्थ लाग्न सक्ने भएको हुदाँ र संस्थामा ऋण लगानी गर्दा धितोलाई व्यवस्थित गर्न आवश्यक हुने भएकोले । |
| ५. यस संस्थाको विनियमको दफा ४६ को विविध शिर्षकमा आवश्यक केही विषयहरु छुट भएकोले बुदाँ नम्बर ४१ र ४२ थप गर्ने । | ५.यस संस्थाको विनियमको दफा ४६ को विविध शिर्षकमा बुदाँ नम्बर ४१ र ४२ थप गर्ने :<br>४१.संस्थाले आफ्नो कार्यक्षेत्रमा बसोबास गर्ने मानिसहरु बीच विप्रेषण सेवा ( रेमिटान्स सेवा) सचालन गर्न संस्थाको नाममा रेमिटान्सको कारोबार गर्न सक्नेछ ।<br>४२.संस्थाको संस्थागत विकास र सदस्यहरुको हकहितको लागी संचालक समितिको निर्णय अनुसार आवश्यता अनुसारको अतिरिक्त कोष खडा गर्न सकिनेछ । | ५.४१.संस्थालाई समय अनुकुल सवल र सक्षम बनाउनुको साथै आधुनिक प्रविधिको प्रयोग गरि आफ्नो कार्यक्षेत्रमा बसोबास गर्ने मानिसहरु बीच विप्रेषण सेवा ( रेमिटान्स सेवा) संचालन गरी आर्थिक कारोबारलाई बृद्दि गर्न।<br>४२.संस्थाको संस्थागत विकास र सदस्यहरुलाई आपतकालिन सेवा प्रदान गर्न छुट्टै कोष स्थापना गरि व्यवस्थित गर्न आवश्यक भएकोले । |

## संचालक समितीको पदाधिकारीहरुको नामावली:

| क्र.सं. | नाम, थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | महेन्द्र श्रेष्ठ | अध्यक्ष | विदर-११ | |
| २ | वासुदेव पनेरु | उपाध्यक्ष | विदर-७ | |
| ३ | गजाराम थर्पालिया | सचिव | विदर-१ | |
| ४ | भोजराज पनेरु | सह-सचिव | विदर-५ | |
| ५ | ईन्द्रमणी गैरे | कोषाध्यक्ष | तुप्चे-२ | |
| ६ | युवराज तिमल्सिना | सदस्य | विदर-६ | |
| ७ | राजन प्रसाद प्याकुरेल | सदस्य | गेखु-३ | |
| ८ | हरिकृष्ण तिमल्सिना | सदस्य | विदर-४ | |
| ९ | सोम बहादुर बुगाल | सदस्य | विदर-५ | |
| १० | बाल कुमारी अधिकारी | सदस्य | विदर-९ | |
| ११ | भवानी पाठक | सदस्य | विदर-४ | |

सहकारी अधिकृत